# सर्भर लगायतका सामानहरू खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।१२।१९

यस वित्तीय संस्थाको अनलाईन सफ्टवेयर संचालनका लागि तपशिलमा उल्लेख भए अनुसार आवश्यक सर्भर तथा सो सम्बन्धी सेवा लगायतका सामानहरु आपुर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

**बोलपत्र नं :- IT/08/75/76, Supply and Installation of IT Equipment (Server / SAN / NAS/ Switches)**

| S. No. | Description | Quantity |
|---|---|---|
| 1 | **Supply of IT Equipment (Components)** | |
| 1 | Server Machine | *1* |
| 2 | Storage Attached Network (SAN) | *1* |
| 3 | Network Attached Storage (NAS) | *1* |
| 4 | Replication Software | *1* |
| 5 | Switches | *2* |

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका काम तथा सामानहरुको लागि बोलपत्र खरिद गरि पेश गर्नु पर्नेछ। उक्त बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म काठमाण्डौ, मध्येबानेश्वर स्थित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहुने गरी प्रति बोलपत्र रु.३,०००।- (अक्षरेपी तिन हजार मात्र) तिरी खरिद गर्न सकिनेछ। बोलपत्र राखिएको खामको बाहिर शीरमा कुन कामको लागी शीलबन्दी बोलपत्र पेश गरिएको हो सोको विवरण समेत उल्लेख गरिएको हुनु पर्नेछ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७४/७५ को कर चुक्ता प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नु पर्नेछ।

३. सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्येबानेश्वर काठमाण्डौमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ। यसरी माथि उल्लेखित शिर्षक अनुसार पेश हुने बोलपत्रको प्राविधिक पक्ष र आर्थिक पक्षको प्रस्ताव अलग अलग खामबन्दी गरि पेश गर्नुपर्नेछ। यसरी पेश गर्दा प्राविधिक पक्षको एउटै खामबन्दीमा पेश गर्न सकिनेछ भने आर्थिक पक्षको प्रस्ताव शिर्षक अनुसार अलग अलग खामबन्दी गरि पेश गर्नुपर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउँसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन। यसरी वोलपत्र खोल्दा सर्वप्रथम प्राविधिक पक्षको वोलपत्र खोलिनेछ। प्राविधिक पक्षको मुल्यांकनमा सफल हुने प्रस्तावकहरुको मात्र आर्थिक पक्षको बोलपत्र खोलिनेछ।

५. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस वित्तीय संस्थाको नाममा बैंक अफ काठमाण्डौ लि., कमलादीमा रहेको खाता नं. ०१०००००५१०३८-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ।

६. बोलपत्र सम्वन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन (संसोधन सहित) तथा वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

७. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा निहित हुनेछ। सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हुने छैन।

८. यस सम्बन्धी थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय प्रशासन विभाग वा IT विभाग काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। बोलपत्र सम्बन्धी यस वित्तीय संस्थाको Website मा पनि हेर्न सकिन्छ।


CHHIMEK

## छिमेक लघुवित्त वित्तीय संस्था लि.

**CHHIMEK LAGHUBITTA BITIYA SANSTHA LTD.**

**मध्येबानेश्वर, काठमाण्डौ**

**Phone/Fax No : 4490513, 4465785, Email: cbbhtd@ntc.net.np**